१०६९।६९१

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५०८/२०७२/०७३

निर्णय नं. ६९१

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत........................ २ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), गणेशमान चारनाथ नगरपालिका कार्यालय, धनुषा........१ विपक्षी
सूचना अधिकारी, गणेशमान चारनाथ नगरपालिका कार्यालय, धनुषा ...............................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले गणेशमान चारनाथ नगरपालिका कार्यालय, धनुषा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम गणेशमान चारनाथ नगरपालिका कार्यालय, धनुषालाई मिति २०७२।०७।२९ च.नं. ४६७ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्बन्धमा उक्त गणेशमान चारनाथ नगरपालिका कार्यालय, धनुषाले मिति २०७२।१०।०६, च.नं. ९५३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत जानकारी गराइएकोले यस सम्बन्धमा थप केहि गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।